सञ्चार-साक्षरता र लोकतन्त्र

मूलधारका मिडियाले दर्शक, पाठक, स्रोतालाई उपभोक्ता ठान्छ । यिनै उपभोक्ता देखाएर उसले विज्ञापनदाताको साथ पाउँछ । मिडियाका सामाजिक, आर्थिक, राजनीतिक, प्राविधिक पक्षबारे नागरिकले थाहा पाउनुपर्छ, जुन उसको अधिकार नै हो ।

■ **हर्षमान महर्जन**

भनिन्छ, सञ्चार-माध्यम अर्थात् मिडियाले तानाशाही सरकारको अन्त्य गर्न सहयोग गर्छ, किनभने त्यसपछि मिडियाको तानाशाहीतन्त्र सुरू हुन्छ। यो भनाइ पूरै सत्य नहुन सक्छ तर समाजमा मिडियाको प्रभाव रहेकोमा शङ्का छैन। र, नागरिकलाई मिडियाप्रति आलोचनात्मक बनाइएन भने विचारमाथि एकाधिकार कायम हुन सक्छ।

२०६२-६३ को जनआन्दोलनमा नेपाली मिडियाले पूरा सहयोग गरेकोले जनतामा ऊप्रति विश्वास बढेको छ।' यही विश्वासलाई उसले आफ्नै फाइदाका लागि पनि प्रयोग गर्न सक्छ।

मूलधारका मिडियाले दर्शक, पाठक, स्रोतालाई उपभोक्ता ठान्छ। यिनै उपभोक्ता देखाएर उसले विज्ञापनदाताको साथ पाउँछ। मिडियाका सामाजिक, आर्थिक, राजनीतिक, प्राविधिक पक्षबारे नागरिकले थाहा पाउनुपर्छ, जुन उसको अधिकार नै हो।

मिडियामा विज्ञापनका सकारात्मक र नकारात्मक प्रभाव, मिडियाका लगानीकर्ताको स्वार्थजस्ता विषयको जानकारी पाउनु नै नागरिक साँच्चै सञ्चार-साक्षर हुनु हो। यस्ता विषयको जानकारी भएपछि नागरिक मिडियाको जागरूक उपभोक्ता बन्छ। जागरूक उपभोक्तालाई मिडियाले पनि आफ्नो फाइदाका लागि प्रयोग गर्न सक्दैन।

सञ्चार-साक्षर भएका नागरिकले थाहा पाउँछ, मिडियाका सामग्री बनावटी हुन्छ, उसले पस्कने समाचारले पनि पूरै तथ्य समेट्न सक्दैन। मिडियामा समाचारका रूपमा आउनुभन्दा अगाडि यो छनोट र काँटछाँटका चरण पार गरेर आइसकेको हुन्छ। यस क्रममा धेरै व्यक्तिको मिहेनत परेको हुन्छ, जसको सामाजिक, शैक्षिक, आर्थिक र राजनीतिक पक्षको प्रभाव सामग्रीमा परेको हुन्छ। त्यतिमात्र होइन, सामग्रीकै आर्थिक, प्राविधिक पक्षका कारणले पनि सञ्चार सामग्रीले प्रत्यक्ष-अप्रत्यक्ष रूपमा एउटा पक्ष वा एउटा विचारको वकालत गरिरहेको हुन्छ। त्यसैले सञ्चार सामग्री कहिले पनि पूर्णतः वस्तुनिष्ठ हुन सक्दैन, न यो तटस्थ नै बस्न सक्छ।

नागरिकलाई मिडियासम्बन्धी यस्तो जानकारी दिन बेलायतमा सन् १९३० देखि सञ्चार-साक्षरता तालिम सुरू गरिएको थियो। अहिले धेरै देशमा यो सञ्चार-साक्षरता र सञ्चार शिक्षाको नाममा चलिरहेको छ। कुनै देशमा त कक्षा १ देखि नै विद्यार्थीलाई मिडियासम्वन्धी शिक्षा दिन थालिएको छ। सञ्चार-साक्षरताले नागरिकलाई जागरूक बनाउँछ। जागरूक नागरिकले नै राष्ट्रको लोकतन्त्रीकरणमा सहयोग गर्न सक्छ।

नेपालमा पनि विभिन्न कारणले नागरिकलाई मिडियाप्रति साक्षर बनाउनु आवश्यक छ। नेपाल अहिले धेरै असहज परिस्थितिबाट गुज्रिरहेको छ। नागरिक मागप्रति कमजोर राज्यको वास्ता छैन। यस्तो बेला विभिन्न स्वार्थबाट प्रेरित भएर मिडिया जनसमक्ष आउन सक्छ। यस्ता स्वार्थी मिडियाका कामकारवाहीप्रति आलोचक बनाउन पनि सञ्चार-साक्षरताको तालिम र शिक्षा आवश्यक छ।

अर्कोतिर मिडिया चलाउन नहुने नागरिक आकाङ्क्षालाई सरकारले पूरा गरेको छैन। सञ्चार-साक्षर भए नागरिकले सरकारी मिडियाले किन सरकारको तारिफ गर्छ र विपक्षको आलोचना गर्छ भन्ने थाहा पाउँछ। हुन त जनताले आफ्नै अनुभवबाट

सरकारी मिडियाले सरकारकै मात्र प्रचार गर्छ भन्ने थाहा पाइसकेका छन्।

सञ्चार-साक्षरताले निजी मिडियाको काम-कारबाहीप्रति आलोचक हुन पनि सहयोग गर्छ। मूलधारका मिडियाको मुख्य ध्येय नै नाफा हुन्छ। विज्ञापनदाताको सहयोगबिना यो चल्न सक्दैन। मिडिया मालिक र विज्ञापनदाताको विपक्षमा यसले तथ्य दिन सक्दैन। यसले सरकारको भने भरमग्दुर विरोध गर्छ। आफ्नो स्वार्थका लागि भने यो निश्चित पार्टी र नेताको पक्ष लिन पनि पछि पर्दैन। 'कान्तिपुर'ले तत्कालीन प्रम शेरबहादुर देउवाको पक्षमा प्रचार गरेको जगजाहेर छ।

नेपालमा अहिले कान्तिपुर पब्लिकेशनमात्र यस्तो संस्था हो, जोसँग पत्रिका, रेडियो, टिभी, अनलाइन सबै माध्यम छ। यतिमात्र होइन, हालै यसले वीरगञ्ज, नेपालगञ्ज, भरतपुर, पोखरा र बुटवलमा एफएम रेडियो स्टेसन खोल्ने अनुमति पाएको छ। निःसन्देह, प्रतिद्वन्द्विताहीन ढङ्गले चलिरहेको 'कान्तिपुर'को प्रभाव समाजमा प्रचुर छ। तर अहिलेको अवस्थामा एउटै सञ्चार संस्थासँग यति शक्ति हुनु लोकतन्त्रका लागि राम्रो होइन। हुन त कानुनी रूपमा हेर्दा उसका पत्रिका, एफएम, टिभी, अनलाइन छुट्टाछुट्टै संस्था हुन्। तर इ-कान्तिपुरको वेभसाइटमा यी संस्थालाई अहिले पनि एउटै संस्थाका रूपमा प्रस्तुत गरिएको छ। कुनै एउटा मिडियाको एकाधिकारबारे जानकारी दिन पनि मिडिया साक्षरताले सहयोग गर्छ।

मिडियाका विभिन्न प्रकार र यिनका सीमाबारे जानकारी नागरिकमा दिनका पनि सञ्चार-साक्षरताको अभियान सुरू गर्नुपर्छ। यहाँ अहिले व्यावसायिक, वैकल्पिक, सरकारी, निजी, सामुदायिक मिडिया छन्। सञ्चार साक्षरताले नागरिकलाई मिडियाको व्यवहारप्रति जागरूक बनाउँछ र मिडियाले गर्ने राजनीतिलाई बुझ्न मद्दत गर्छ। यति हुँदाहुँदै पनि किन सरकारले यस विषयमा ध्यान दिँदैन ? सरकारले नागरिकलाई सञ्चार साक्षरता दिन किन कुनै पहल गर्दैन ?

> मुख्य मिडियालाई कब्जामा राख्ने पञ्चायत सरकारले जनतालाई आलोचक नबनाउनु आश्चर्यको कुरा थिएन, बहुदलीय प्रजातन्त्रले पनि उसकै सिको गर्नु भने पक्कै अनौठो हो ।

वास्तवमा पत्रकारिता शिक्षामा पनि यसलाई समावेश गर्न सकिन्थ्यो, जुन भएको छैन। नेपालमा २०३३ मा सुरू भएको पत्रकारिता शिक्षणमा पनि यसलाई उद्देश्य बनाइएको छैन। मुख्य मिडियालाई कब्जामा राख्ने पञ्चायत सरकारले जनतालाई आलोचक नबनाउनु आश्चर्यको कुरा थिएन, बहुदलीय प्रजातन्त्रले पनि उसकै सिको गर्नु भने पक्कै अनौठो हो।

पत्रकारिताको प्रमाणपत्र तहमा विद्यार्थीलाई आदर्शमात्र पढाइन्छ : पत्रकारले समाजका लागि योगदान गर्दछ, यो चौथो अङ्ग हो, यो इतिहासको पहिलो ड्राफ्ट हो... यस्तै यस्तै। तर पत्रकारिताको व्यावहारिक पक्ष र कमी-कमजोरीलाई भने लुकाइन्छ। स्नातक र स्नातकोत्तर तहको पाठ्यक्रममा पनि स्पष्टसँग सञ्चार-साक्षरताको अवधारणालाई ठाउँ दिइएको छैन। तर पत्रकारिता र मिडियाका दार्शनिक र व्यावहारिक पक्षका बारेमा अध्ययन गर्दै जाँदा मिडियाको साँचो रूप थाहा हुँदै जान्छ। तर यो तहसम्म डुबेर पढ्ने विद्यार्थी कति होलान् ?

सञ्चार-साक्षरताको शिक्षा विद्यालय स्तरबाटै सुरू हुनुपर्छ। हुन त अहिले सरकारले कक्षा ९ र १० मा पनि पत्रकारितालाई ऐच्छिक विषय बनाएको छ। यी कक्षाका लागि पाठ्यक्रम विकास केन्द्रले प्रकाशन गरेका पुस्तकले विद्यार्थीलाई पत्रकारिताको सामान्यज्ञान दिन खोजेको देखिन्छ। यिनले पनि विद्यार्थीलाई मिडियाको काम-कारबाहीप्रति आलोचक हुन सिकाएको छैन। पत्रकारिताका कहिल्यै लागू नहुने आदर्शको बखानले यी भरिएका छन्।

हुन त सुरूमै नकारात्मक कुरा सिकाएमा विद्यार्थीहरू पत्रकारिताबाटै बिच्किन्छन् भन्ने सोचिएको हुन सक्छ। त्यस्तै शासकले मिडियाप्रति नागरिक आलोचक नबनून् भन्ने विचार राखेको पनि हुन सक्छ। पहिलो प्रस्थापनालाई मान्ने हो भने स्नातक तहमा कार्यमूलक पत्रको रूपमा रहेका पत्रकारिताको १०० अङ्कको पत्रमा सञ्चार-साक्षरतालाई समाहित गर्न सकिन्थ्यो। तर यहाँ पनि पत्रकारिताको आधारभूत ज्ञान दिने धुनमा विद्यार्थीलाई सञ्चार-साक्षर बनाउने अवसरको सदुपयोग गरिएको छैन।

वास्तवमा सञ्चार-साक्षरताको पाठ्यक्रम बनाउन अहिले हतारो भइसकेको छ। हुन त गैरसरकारी तहबाट यस्तो काम अस्मिता प्रकाशन गृहले २०६२ मा गरेको थियो। त्यसबेला रूपन्देही र मोरङका करिब ८०० महिलालाई सञ्चार साक्षरताको तालिम दिइएको थियो। अस्मिताका सरोज पन्तले तालिममा सहयोगका लागि पुस्तिका पनि लेखेका थिए : अस्मिता सञ्चार-साक्षरता अभियान शृङ्खला १। त्यसमा मिडियाद्वारा उत्पादित सामग्री यथार्थको हुबहु प्रस्तुति नभएको, यी सामग्री व्यापारिक वा आर्थिक प्रयोजनका लागि उत्पादन गरिएको, यिनले निश्चित विचारधारा, मूल्य-मान्यता बोकेको हुने जानकारी दिइएको थियो। अनि सञ्चार-साक्षर भएका व्यक्तिले मिडियाका गलत, तथ्यहीन सूचनाका बारेमा समाजमा छलफल गर्न सुझाव दिइएको छ। अरू गैससले यस्तो काम नगर्नु पक्कै पनि सकारात्मक पक्ष होइन। किनकि उपभोक्ताको हकहितमा काम गर्ने संस्था, विभिन्न गैससका काममा सञ्चार-साक्षरताको अभियान चलाउनु जरूरी छ। तर नेपालको लोकतन्त्रीकरणका लागि सरकारी र गैरसरकारी स्तरबाट यो नचलाई धरै छैन। •

(पत्रकारिताका विद्यार्थी महर्जन मार्टिन चौतारीसँग सम्बद्ध हुनुहुन्छ)

संविधान मुलुकको मूल कानून भएकाले आफ्नो देशको संविधान आफैं बनाउन संविधानसभा सदस्यको निर्वाचन हुँदैछ। त्यसैले, संविधासभा सदस्यको निर्वाचनमा भाग लिई आफूले चाहेजस्तो संविधान बनाउने ऐतिहासिक मौकाको सदुपयोग गर्नुहोसक्ष।

नेपाल सरकार

सूचना तथा संचार मन्त्रालय

सूचना विभाग